# गृह मन्त्रालय

मन्त्रालय र मातहत समेत ८५६ निकायको यो वर्ष विनियोजन रु.४१ अर्ब ५१ करोड ९ लाख, राजस्व रु.४ अर्ब ८८ करोड ७१ लाख, धरौटी रु.१ अर्ब ५ करोड ७५ लाख र अन्य कारोबार रु.२ अर्ब ६ करोड ३० लाखसमेत रु.४९ अर्ब ५१ करोड ८५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका अन्य संस्था २ र समिति २ को रु.२६ अर्ब ६८ करोड ६४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** सार्वजनिक लेखा समितिबाट २०७३।४।३ मा बजेट अख्तियारी समयमै दिनुपर्ने, खरिद सम्झौता अनुसार ठेक्काको बीमा गर्नुपर्ने, मालसामान खरिद समयमै हुनुपर्ने लगायतका व्यहोरामा निर्देशन दिएकोमा कार्यान्वयन भएको छैन । राष्ट्रिय परिचयपत्र वितरणको कार्य हुन नसकेको तथा सशस्त्र प्रहरी बल, कल्याणकारी सेवा केन्द्रको कोष सञ्चालक समितिबाट वार्षिक योजना तथा बजेट स्वीकृत नगराएको लगायतका विगत प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **विविध खर्च –** मन्त्रिपरिषद्को २०५०।२।१३ को निर्णयबमोजिम शान्ति सुरक्षा कायम राख्ने प्रयोजनका लागि एक पटकमा प्रमुख जिल्ला अधिकारीले रु.२ हजार, गृह सचिवले रु.२० हजार, गृह मन्त्रीले रु.५० हजारसम्म र सोभन्दा बढी प्रधानमन्त्रीको स्वीकृतिमा खर्च गर्नसक्ने उल्लेख छ । मन्त्रिपरिषद्बाट २०५३।१०।३ मा नेपाल प्रहरी र २०६९।१२।१८ मा सशस्त्र प्रहरी बलको लागि विभिन्न तहका कार्यालय प्रमुखले एक पटकमा रु.५०० देखि रु.१५ हजारसम्म खर्च गर्नसक्ने निर्णय भएको छ ।

मन्त्रिपरिषद्बाट भएको निर्णयमा एक पटकको खर्चको सीमा तोके पनि अवधि किटान गरेको छैन । राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गतका निकायले विशेष सेवा नियमावली, २०६४ अनुसार खर्च गरेको उल्लेख गरे तापनि नियमावलीले खर्च गर्ने सीमा निर्धारण नगरेको सम्बन्धमा विगतमा औंल्याइएको व्यहोरा तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । मन्त्रालय र मातहतका देहायका अधिकारीबाट यो वर्ष शान्ति सुरक्षासम्बन्धी गोप्य काममा विविध खर्च शीर्षकबाट रु.२ करोड २८ लाख खर्च भएको देखिन्छ । विगत ३ वर्षको विविध खर्चको स्थिति देहायअनुसार छ:

(रु. लाखमा)

| खर्चको आदेश दिने अधिकारी | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|
| गृहमन्त्री | ११ | ४६ | ५९ |
| गृहसचिव | २२ | २५ | २४ |
| प्रहरी महानिरीक्षक | २५ | ६ | ८ |
| सशस्त्र प्रहरी महानिरीक्षक | १६ | ११ | ० |
| राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक | १२६ | १२९ | १३७ |
| **जम्मा** | **२२४** | **२४२** | **२२८** |

गत वर्षको तुलनामा यो वर्ष गृहमन्त्रीले २८ प्रतिशत, प्रहरी महानिरीक्षकले ३३ प्रतिशत र मुख्य अनुसन्धान निर्देशकले ६ प्रतिशत बढी खर्च गरेको पाइएको छ । गृहसचिवले ४ प्रतिशत घटी खर्च गरेको र सशस्त्र प्रहरी महानिरीक्षकले उक्त कार्यमा खर्च गरेको छैन ।

३. **फिर्ता दाखिला –** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३३ अनुसार आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन आएको रकम फिर्ता दाखिला गर्नुपर्दछ । नेपाल सरकारको चालु सशर्त अनुदानमा विनियोजित रकममध्ये केन्द्रीय हज कमिटीलाई निकासा दिएको रकममध्ये खर्च नभई बाँकी रहेको विगत वर्षको रु.६७ लाख ३० हजार र यो वर्षको रु.८ लाख ८७ हजारसमेत रु.७६ लाख १७ हजार सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

४. **पदाधिकारीलाई सुविधा** – मन्त्रीहरुको पारिश्रमिक सुविधासम्बन्धी ऐन, २०४९ मा भएको व्यवस्थाको अतिरिक्त प्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीलाई थप सुविधा दिनुपर्ने भएमा कानुनमा समावेश गरेर मात्र खर्च लेख्ने सर्वोच्च अदालतले २०६८।८।२२ मा आदेश गरेकोमा ऐनमा व्यवस्था नगरी मन्त्रालयले ३ पूर्वपदाधिकारी र १ सांसदलाई सवारीसाधन उपलब्ध गराएको छ।

५. **काज –** निजामती सेवा ऐन, २०४९ को दफा १८ क(१) मा एक वर्षमा ३ महिनाभन्दा बढी अवधिको लागि काज खटाउन नपाइने उल्लेख छ । गृह मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयको सहमति नलिई विभिन्न श्रेणीका २४ कर्मचारी काजमा खटाएको तथा ७ कर्मचारीलाई १ वर्षभन्दा बढी काजमा राखी यो वर्ष रु. ४७ लाख ७२ हजार खर्च गरेको छ । आवश्यकताभन्दा वढी कर्मचारी काजमा राख्दा जिम्मेवारी तथा मूल्यांकनमा समस्या आउनुका साथै तलव भत्ताका लागि थप विनियोजन गर्नुपर्ने समस्या रहने हुँदा कर्मचारी काजमा राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६. **अग्रिम कर:** आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार वायुयान लिज (पट्टा) वापत भाडा रकम भुक्तानी गर्दा भुक्तानी रकमको १० प्रतिशत अग्रिम कर असुल गर्नुपर्दछ । गृह मन्त्रालयले छ निजी हेलिकोप्टर कम्पनीलाई रु.१२ करोड ५० लाख ९४ हजार भाडा भुक्तानी गर्दा १० प्रतिशतले रु.१ करोड २५ लाख ९ हजार कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतले रु.१८ लाख ७६ हजार मात्र कट्टी गरेकोले नपुग रु.१ करोड ६ लाख ३३ हजार असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ।

७. **मस्यौट –** लेखापरीक्षण गरेका कार्यालयहरुमध्ये परीक्षणको क्रममा तलव भत्ता, रासनमा मस्यौट गरी बढी खर्च लेखेको रकम जिल्ला प्रहरी कार्यालय, हुम्लाले रु.३१ लाख २७ हजार, सशस्त्र प्रहरी बल अस्पतालले रु.१९ लाख ४२ हजार, सशस्त्र प्रहरी बल, सीमा सुरक्षा कार्यालय, झापाले रु.७ लाख र सशस्त्र प्रहरी बल, निलवाराही गण, बलम्वुले रु.३ लाख ५८ हजारसमेत रु.६१ लाख २७ हजार लेखापरीक्षणबाट औंल्याएपछि सञ्चित कोष दाखिला भएको छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २६(२) बमोजिम आवश्यक कारबाहीको लागि २०७३।११।३० मा लेखा उत्तरदायी अधिकृतलाई लेखी पठाएकोमा कारबाही भएको जानकारी प्राप्त भएको छैन । उक्त कार्यमा संलग्न जिम्मेवार कर्मचारीलाई कारबाही गरी अगाडिका वर्षहरुको समेत छानबिन गरी भविष्यमा यसप्रकारको खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।

८. **सीमित प्रतिस्पर्धा-** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। यो वर्ष मन्त्रालय अन्तर्गत प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल, प्रधान कार्यालय लगायत ४ कार्यालयले रु ९४ लाखको निर्माण तथा मालसामान आपूर्ति कार्यलाई विभिन्न टुक्रामा विभाजन गरी प्रतिस्पर्धा बेगर सोझै कार्य गराएको छ । प्रतिस्पर्धाबाट काम नगराई छुट्टाछुट्टै लागत अनुमान स्वीकृत गरी उक्त कार्य गरेकोले सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## अध्यागमन विभाग

९. **भिसा स्टिकर -** अध्यागमन नियमावली, २०५१ मा भिसा प्राप्त गर्ने व्यक्तिको नाम, राष्ट्रियता, राहदानी नं. र भिसा अवधि खुलेको विवरण मासिक रुपमा परराष्ट्र मन्त्रालयले अध्यागमन विभागलाई उपलब्ध गराउने व्यवस्था छ । विभागले गत वर्षको मौज्दात ५ लाख ६१ हजार २४८ समेत ९ लाख ३४ हजार २६८ थान भिसा स्टिकर आम्दानी देखाएको मध्ये परराष्ट्र मन्त्रालयलाई उपलब्ध गराएको ९५ हजार ७४८ र अध्यागमनले स्वदेशमा खपत गरेको २ लाख ८२ हजार २६० थानसमेत ३ लाख ७८ हजार ८ खपत देखाई ५ लाख ५६ हजार २६० थान वर्षको अन्तमा मौज्दात देखाएको छ । भिसा अवधि खुलेको विवरण मासिक विवरण विभागमा उपलब्ध नगराएबाट भिसा स्टिकरबाट प्राप्त हुनुपर्ने सबै दस्तुर प्राप्त भए नभएको यकिन गर्ने अवस्था छैन।

१०. **राजस्व असुली:** विभाग र मातहत कार्यालयले २०७०।७१ मा रु.१ अर्ब ९५ करोड ५१ लाख ३४ हजार, २०७१/७२ मा रु.१ अर्ब ९६ करोड १६ लाख ७१ हजार र २०७२।७३ मा रु १ अर्ब ७२ करोड ७३ लाख ८९ हजार राजस्व असुली गरेको छ। सोही अवधिमा क्रमश: २ लाख ७८ हजार २०४, ३ लाख १ हजार ९२ र ६ लाख ७७ हजार ४४ थान भिसा स्टिकर जारी गर्ने पदाधिकारीलाई उपलब्ध गराएको छ। विदेशस्थित नेपाली

कुटनैतिक नियोगहरुबाट भिसा जारी गर्दा उठेको राजस्व र स्टिकरको आम्दानी खर्च विवरण अध्यागमन विभागलाई उपलब्ध नगराएकोले भिसा स्टिकरबाट प्राप्त राजस्व यकिन हुन सकेन ।

## कारागार व्यवस्थापन विभाग

११. **कारागारहरुको क्षमता र भौतिक पूर्वाधार -** कारागारहरुको समग्र व्यवस्थापन गर्न २०५० सालमा स्थापित विभाग अन्तर्गत ७२ जिल्लामा ७४ कारागार कार्यालय रहेका छन । धनुषा, बारा र भक्तपुर जिल्लामा कारागार नभएको दाङ र काठमाडौ जिल्लामा दुई दुई कारागार रहेको छ । स्थानीय तहमा कारागार प्रशासन सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहने व्यवस्था छ ।

१२. **बन्दी क्षमता -** कारागारमा वस्न योग्य न्यूनतम आधारभूत सुविधाको व्यवस्था गरी क्षमताअनुरुप कैदी बन्दी राख्ने व्यवस्था गर्नुपर्दछ । कारागार व्यवस्थापन विभागले उपलब्ध गराएको विवरणअनुसार ७४ कारागारको कुल बन्दी क्षमता र बन्दीहरुको स्थिति निम्नानुसार देखिएको छः

| आर्थिक वर्ष | कुल बन्दी क्षमता | बन्दी संख्या | क्षमता भन्दा बढी सख्यां | प्रतिशत |
|---|---|---|---|---|
| २०७१ आषाढ | १०४३३ | १६३४३ | ५९१० | ५६.६५ |
| २०७२ आषाढ | १०४३३ | १७२१२ | ६७७९ | ६४.९८ |
| २०७३ आषाढ | १०४३३ | १७५३९ | ७१०६ | ६८.११ |

कारागार ऐन, २०१९ को दफा ६ मा रोगी, देवानी, फौजदारी मुद्दा लागेका पागल, अर्धपागल, महिला र अन्य बन्दीहरुलाई सम्भव भएसम्म छुट्टाछुट्टै कोठामा राख्नुपर्ने व्यवस्था छ । कैदी थुनुवा, गम्भीर प्रकृतिका अपराधी र सामान्य अपराधी, बिरामी कैदी र अन्य बन्दीलाई छुट्टै स्थानमा राख्न सकेको पाइएन । क्षमताभन्दा बढी बन्दीहरु राख्दा मानवोचित सुविधाबाट वंचित रहने देखिँदा कारागारलाई सुधार गृहका रुपमा परिवर्तन गर्न कारागारभित्र र बाहिरको वातावरण उपयुक्त हुनुपर्दछ ।

१३. **भौतिक पूर्वाधार -** केन्द्रीय कारागार भद्र बन्दीगृह र महिला कारागार जगन्नाथदेवलमा रहेका भौतिक संरचना जीर्ण रहेको, खानेपानीको अभाव भई ट्यांकरबाट आपूर्ति गर्न परेको, उत्तरतर्फ बृहत् व्यापारिक भवन निर्माणले सुरक्षा संवेदनशीलता बढेको पाइएको छ । कारागार सुरक्षाको लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी समेत परिचालन गरेकोमा सुरक्षाकर्मी बस्ने भौतिक पूर्वाधार, सुरक्षासम्बन्धी उपकरणलगायतको पर्याप्त व्यवस्थापन गरी कारागारको सुरक्षा व्यवस्थापन अद्यावधिक गर्नुपर्दछ ।

## प्रहरी प्रधान कार्यालय

१४. **ठेक्का व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा निर्धारित समयभित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने र ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र गरी सक्नुपर्ने व्यवस्था छ । गृह मन्त्रालयबाट प्राप्त यो वर्षको खर्च गर्ने अख्तियारीको बजेट निकासा तथा कार्यान्वयन व्यवस्थाको बुँदा नं. ११ मा स्वीकृत कार्यक्रमको ठेक्कापट्टा मंसीर मसान्तभित्र सम्पन्न गरी सक्नुपर्ने उल्लेख छ । कार्यालयबाट यो वर्ष ठेक्का बन्दोबस्त भएका कुल रु.८० करोड ७ लाख २१ हजारको ५१ ठेक्कामध्ये पहिलो चौमासिकमा १४, दोस्रो चौमासिकमा १७ र तेस्रो चौमासिकमा २० अर्थात् क्रमश: २७, ३३, र ४० प्रतिशत ठेक्का बन्दोबस्त गरेको छ । उपरोक्त ठेक्कामध्ये रु.९ करोड ४३ लाख ६६ हजारको ११ ठेक्का (२२ प्रतिशत) आषाढमा गरेको पाइयो । ढिलो गरी ठेक्का बन्दोबस्त हुँदा, वर्षान्तमा रु.१२ करोड ८५ लाख ९७ हजार प्रतितपत्र पेश्की बाँकी रहेको तथा समयमा कार्यक्रम सम्पन्न भई अपेक्षित प्रतिफल प्राप्त हुन सकेको देखिएन ।

१५. **कोष सञ्चालन –** नेपाल प्रहरी अस्पताल कल्याण शाखाअन्तर्गत पूर्व प्रहरी तथा प्रहरी परिवार उपचार कोष, वृत्ति विकास लगायतका कोष सञ्चालन गरेको पाइयो । उक्त कोषमा यो वर्ष विभिन्न शीर्षकमा परीक्षण शुल्क, भाडा र ब्याज आम्दानी गरेको देखिन्छ । यो वर्ष कोषमा गतवर्षको जिम्मेवारीसमेत रु.११ करोड ७० लाख ३२ हजार आम्दानी तथा रु.४ करोड १३ लाख २५ हजार खर्च भई रु.७ करोड ५७ लाख

७ हजार मौज्दात रहेकोमा कोषको अन्तिम लेखापरीक्षण गरेको छैन । कोष सञ्चालनको स्पष्ट कानुनी व्यवस्था गरी लेखापरीक्षण गराई पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

१६. **घर जग्गाको लगत –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ को उपनियम (१) मा सरकारी घर जग्गा तथा कार्यालयअन्तर्गतको सरकारी घरजग्गाको लगत राख्नुपर्ने र त्यस्ता जग्गाहरुको जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्नुपर्ने व्यवस्था छ । महानगरीय प्रहरी वृत, स्वयम्भूबाट प्राप्त विवरणअनुसार कार्यालयले चर्चेको ४ रोपनी ९ आना जग्गा सम्यक गुठीको नाममा रहेको र महानगरीय प्रहरी वृत, जनसेवा, काठमाडौंको १६ आना जग्गा विशाल बजार कम्पनी लिमिटेडको नाममा रहेको छ । उक्त जग्गाको स्वामित्व कार्यालयको नाममा ल्याउनेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

१७. **तालिम खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्चसम्बन्धी कार्यविधि उल्लेख छ । सरकारी निकायबाट तालिम सञ्चालन गर्दा लागतअनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने, कार्यक्रम सञ्चालन भएअनुरुप खर्च गरिएका मालसामानको बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्दछ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले यो वर्ष लागत अनुमान तथा तालिम कार्यक्रम समेत नखुलाई ९ फर्मवाट ९२ पटक सोझै खरिद गरी तालिम सामग्रीमा रु १ करोड ८९ लाख ७४ हजार खर्च लेखेको छ । एउटै आपूर्तकबाट पटक पटक सोझै खरिद गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

१८. **कर बीजक -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा तोकिएको ढाँचाअनुरुपको आपूर्तकको नाम, मू.अ.कर नं., बीजक नं. आदि उल्लेख भएको कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ । महानगरीय प्रहरी परिसर, ललितपुरले बुग्मती, ललितपुरमा भवन निर्माण कार्यबापत एक निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर रु.४२ हजारसमेत रु.३ लाख ६२ हजार भुक्तानी गरेको देखियो । निज निर्माण व्यवसायीबाट पेश भएको कर बीजकमा उल्लिखित स्थायी लेखा नम्बरलाई आन्तरिक राजस्व विभागको अभिलेखसँग भिडान गर्दा अर्कै निर्माण व्यवसायीको नाम रहेकोले प्रचलित नियमानुसार कारबाही गरी जरिबानासहित रु.४२ हजार असुल गर्नुपर्दछ ।

१९. **भेरिएसन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) अनुसार खरिद सम्झौताबमोजिम कार्य शुरु भैसकेपछि प्राविधिक कारणबाट थप/घट आवश्यक देखिएमा प्राविधिक पुष्ट्याईसहित अधिकार प्राप्त अधिकारीको पूर्वस्वीकृति लिई गर्नसक्ने व्यवस्था छ । जिल्ला प्रहरी कार्यालय, दाङले इलाका प्रहरी कार्यालय, गढवास्थित भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड १८ लाख ४४ हजारमा सम्झौता गरेको छ । सम्झौतामा मेस भवन बनाउने कार्यक्रम नरहेकोमा सो समेत बनाई सम्झौता रकममा रु.१५ लाख ७ हजार (१२.७२ प्रतिशत) ले वृद्धि गरी अन्तिम बिलसम्म रु.१ करोड ४८ लाख ९१ हजार भुक्तानी गरेको देखिन्छ । भेरिएसन आदेश स्वीकृतिबेगर खर्च गरेको नियमसम्मत देखिएन ।

२०. **ट्राफिक व्यवस्थापन तथा कार्य सम्पादन -** उपत्यकामा सवारीसाधन गुड्ने सडकको कुल लम्बाई १ हजार ५९५ किलोमिटर रहेको छ । वाग्मती अञ्चलमा दर्ता भएका ९ लाख २३ हजार सवारीसाधनलाई सडकको मुख्य चोकमा ट्राफिक व्यवस्थापन गर्न कठिनाइ हुने गरेको छ । उपत्यकाको ट्राफिक व्यवस्थापनका लागि महानगरीय ट्राफिक प्रहरी महाशाखा रहेको छ । महाशाखाले ३५ कार्यालय स्थापना गरी १ हजार ८५ दरबन्दीमा १ हजार १९९ कार्यरत रहेको भए तापनि ट्राफिक भोल्युम र दरबन्दी मिलान हुन नसकेका कारण दैनिक ८ देखि १४ घण्टासम्म काम गर्नुपर्ने स्थिति देखिएको छ ।

२०.१ प्राप्त विवरणअनुसार कार्यालय समयावधि बिहान ९ देखि ११ बजेसम्म र बेलुका ४ देखि ६ बजेसम्म मुख्य चोक थापाथली, बल्खु कलंकी, कोटेश्वर गौशाला चाबहिल, महाराजगन्ज, बालाजु आदिमा १५ देखि ३५ मिनेटसम्म सवारीसाधन रोकिनु परेको छ । यसबाट कलंकीदेखि कोटेश्वरसम्मको यात्रामा १ घण्टा ३० मिनेट सम्म सवारी रोकिन पर्ने स्थितिबाट श्रम, सवारी इन्धन, मेसिन आयु, वातावरणिय प्रदुषणमा असर परी ट्राफिक व्यवस्थापनमा समेत कठिनाइ भएको छ । अतः यस्तो स्थितिमा सुधार ल्याउन विशेष ध्यान दिनुपर्दछ ।

२०.२ उपत्यकामा संचालित २० वर्षभन्दा पुराना सवारीसाधनलाई उपत्यकामा चलाउन नपाउने व्यवस्था ऐनमै गरी वाहिर स्थानान्तरण गर्ने, सहरी क्षेत्रमा ग्रीन मास ट्रान्सपोर्टको अवधारणा अनुरुप बस –यापिड ट्रान्सपोर्ट, मेट्रो रेल लागू गरी साना सवारीसाधनलाई निरुत्साहित गर्नुपर्दछ ।

२०.३ उपत्यकाका सडक स्थलगत निरीक्षण गर्दा भित्री सडकमा रोड मार्किङ्ग नभएको, जेब्रा क्रसिङ्ग व्यवस्थित हुन नसकेको, रेलिङ्गबार नभएको देखियो । कार्यालयबाट प्राप्त विवरणअनुसार ४६ स्थानमा रोड मार्किङ्ग नभएको, ३ जिल्लाको १७८ स्थानमा थप जेब्रा क्रसिङ्ग तथा रेलिङ्ग बार लगाउनुपर्ने उल्लेख छ । सडक विभागबाट हुनुपर्ने उक्त कार्य समयमा नभएबाट ट्राफिक व्यवस्थापनमा चाप परेकोले समयमै उक्त कार्य गरी सडक रोड फर्निचर अद्यावधिक गर्नुपर्दछ ।

२०.४ उपत्यकामा ३६ स्थानमा स्वचालित ट्राफिक पहिचान गरी २० स्थानमा जडान भएकोमा ३ स्थानमा मात्र चालु रहेको स्थिति छ । यस्तै ३३५ स्थानमा सि.सि.टि.भि. जडान गर्ने लक्ष्यमा ३०७ स्थानमा जडान गरेको भए तापनि सोको सञ्चालन प्रभावकारी भएको पाइएन । यसबाट स्वचालित ट्राफिक व्यवस्थापन प्रभावकारी हुन नसकी प्रत्येक चोकमा ४ देखि १० जना सम्म थप ट्राफिक प्रहरी खटाउनुपर्ने स्थिति रहेको छ । अतः स्वचालित विद्युतीय उपकरण व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२०.५ ट्राफिक व्यवस्थापनमा प्रभाव पार्ने कारणहरुमा लेन अनुशासन पालना नगर्ने, मादक पदार्थ सेवन गरी सवारी चलाउने, जथाभावी पार्किङ गर्ने, सडक छेउमा पेट्रोल पम्प, वर्कसप आदि सञ्चालन गर्ने, फुटपाथमा पसल राख्ने निर्मान सामग्री सडकमा थुपार्ने आदि रहेका छन् । अतः उक्त व्यवस्थाको पालनामा जोड दिई सडक नियमित रुपमा सुचारु गर्न प्रोत्साहन गर्ने र उक्त व्यवस्थाको पालना नगरेमा सवारी व्यवस्थापन सम्बन्धी ऐन नियमबमोजिम कारबाही गर्नुपर्दछ ।

२०.६ सडकको मुख्य चोकको अतिरिक्त सहायक चोकमा हुने ट्राफिक जाम, सहायक सडकबाट मुख्य सडकमा प्रवेश गर्ने क्रसिङ आदि व्यवस्थित नहुँदा समेत मुख्य चोकमा ट्राफिक जामको चक्रीय असर परेको स्थिति छ । अतः मुख्य चोकहरुसँगै लिंकेज भएका सहायक चोक, व्यापारिक क्षेत्र भएका सडक र सहायक क्रसिङ स्थान व्यवस्थित गर्नुपर्दछ ।

२०.७ ट्राफिक महाशाखा र अन्तर्गत २३ कार्यालयमा १ हजार ८५ दरबन्दी रहेकोमा उपत्यकाको सडकको लम्वाई १ हजार ५९५ कि.मि. र वाग्मती अञ्चलमा दर्ता सवारीसाधन ९ लाख २३ हजार रहेको आधारमा एक ट्राफिक प्रहरीको कार्य क्षेत्रमा ८५० सवारीसाधन र १.४६ किलो मिटरसम्मको सवारी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । न्यून दरबन्दीबाट अत्यधिक सवारीसाधनको व्यवस्थापन प्रभावकारी हुन नसक्ने भएकोले पर्याप्त जनशक्ति व्यवस्थापन गरी उपलब्धिमूलक कार्य सम्पादनमा जोड दिनुपर्दछ ।

२०.८ ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला निकायबीच समन्वय हुनु आवश्यक छ । सडक कार्यक्षेत्र रहेका सडक विभाग, यातायात व्यवस्था विभाग, वातावरण मन्त्रालय, विद्युत प्राधिकरण, खानेपानी तथा ढल निकास विभागबीच समन्वय गर्ने नीति तथा संयन्त्र नभएका कारण ट्राफिक व्यवस्थापन प्रभावकारी हुन सकेको छैन । अतः सरोकारवाला निकायबीच समन्वय कायम गरी सुधार ल्याउनुपर्दछ ।

## सशस्त्र प्रहरी बल, प्रधान कार्यालय

२१. **अख्तियारी तथा खर्च संरचना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) अनुसार मन्त्रालय तथा विभागले मातहतका खर्च गर्ने निकायको नाममा स्वीकृत भएको बजेटको खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र पठाउनुपर्ने व्यवस्था छ । कार्यालयबाट चालु तथा र पुँजीगत खर्चको एकमुष्ठ अख्तियारी नदिई शुरुमा चालुतर्फ रु.१४ करोड ३५ लाख ७ हजार र पुँजीगततर्फ रु.१४ लाखको अख्तियारी दिएकोमा क्रमशः रु.१३ करोड ५० लाख ६५ हजार र ५४ करोड ५० लाख ५२ हजार कायम भएको छ । शुरुमा चालु बजेट उपशीर्षकतर्फ अख्तियारी दिएको रकमको तुलनामा ३८० प्रतिशत र पुँजीगततर्फ ९,६४८ प्रतिशतसम्म थप भएको छ । अख्तियारी शुरुमै दिने व्यवस्था मिलाउनुपर्दछ ।

प्राप्त विवरणअनुसार आषाढ महिनामा रु.७ करोड ४४ लाख ३० हजार (५५ प्रतिशत) खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरिवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्ने हुँदा योजनाबद्ध रुपमा समयमै कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२२. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौतामा आपूर्तिकर्ताको कारणले सामान आपूर्तिमा ढिलाई भएमा पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।

कार्यालयले चार आपूर्तकबाट पाँच प्रकारका पोशाक २५ देखि ७६ दिनसम्म ढिलो आपूर्ति गरेकोमा पूर्व निर्धारित क्षतिपूर्ति लिनेगरी म्याद थप गरेपनि क्षतिपूर्ति लिएको देखिएन । पूर्वनिर्धारित क्षतिपूर्ति रु.४२ लाख २० हजार असुल गरी सञ्चित कोष दाखिला हुनुपर्दछ ।

२३. **बैङ्क जमानत –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ तथा नियमावली, २०६४ को नियम १४१ मा कालो सूचिमा राख्ने र तोकिएको कार्य सम्पादन नगरेमा बैंक जमानत जफत गर्नुपर्ने व्यवस्था छ । क्यामोफ्याग तयारी चुस्ता र कटनप्यान्ट खरिदको २ आपुर्तकबाट समयमा कार्य सम्पन्न नगरी म्याद थप हुँदा प्रतिदिन ०.०५ प्रतिशतका दरले क्षतिपूर्ति लिने निर्णय गरी म्याद थप भएको छ । खरिद सम्झौता बमोजिमको काम उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ र ६३ अनुसार आपूर्तकलाई कालोसूचीमा राखी बैङ्क जमानत प्राप्त गरी रु.३८ लाख जफत हुनुपर्दछ ।

२४. **कर बीजक** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले वस्तु वा सेवा आपूर्ति गर्दा रीतपूर्वकको कर बीजक पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ३ आपूर्तकबाट बीजक नम्बर नखुलेको, सच्याएको तथा हातले लेखेको कर बीजकको आधारमा भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रु.३१ लाख ९६ हजार समायोजन हुनुपर्दछ ।

## जिल्ला प्रशासन कार्यालय

२५. **धरौटी जफत -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६५ अनुसार कुनै काम गर्न राखिएको धरौटी त्यस्तो काम पूरा नगरेमा जफत गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ । जिल्ला प्रशासन कार्यालय, सुर्खेतले गोदाम घर निर्माण कार्यका एक निर्माण व्यवसायीबाट जफत गरेको कार्य सम्पादन जमानत रु. १६ लाख ८४ हजार धरौटी खातामा राखेकोले सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२६. **बढी भुक्तानी -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजनिक निकायले बिल बीजकको भुक्तानी खरिद सम्झौताबमोजिम गर्नुपर्ने व्यवस्था छ । जिल्ला प्रशासन कार्यालय, कास्कीले भवन निर्माण कार्यका एक निर्माण व्यवसायीसँग कबोल अङ्क र प्रत्येक इकाई दररेटमा १२ प्रतिशत छुट दिई काम गर्न मन्जुर गरेको आधारमा मूल्य अभिवृद्धि करबाहेक रु.३ करोड ४५ लाख ९१ हजारमा उक्त ठेक्का सम्झौता गरेको देखिन्छ । कार्यालयले निर्माण व्यवसायीलाई उल्लिखित कबोल दरमा सातौं रनिङ बिलसम्म मू.अ.कर समेत रु.२ करोड ७४ लाख २८ हजार भुक्तानी गर्दा छुट रु.३२ लाख ९१ हजार नकटाई भुक्तानी गरेकोले उक्त रकम असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

## भूकम्पपीडितको लागि राहत सङ्कलन तथा वितरण

विक्रम सम्बत् २०७२ वैशाख १२ को भूकम्प पश्चात् केन्द्रीय दैवी प्रकोप उद्धार समिति र अन्तर्गतका जिल्ला तथा स्थानीय दैवी प्रकोप उद्धार समितिबाट भएका राहत सङ्कलन तथा वितरणसम्बन्धी कार्य मितव्ययिता र प्रभावकारिता पक्षको मूल्याङ्कन गरी लेखापरीक्षण गरिएको छ । काभ्रेपलाञ्चोक, गोरखा र सिन्धुपाल्चोक प्रत्येक जिल्लाका पाँच स्थानीय दैवी प्रकोप उद्धार समितिबाट भएका राहत सामग्री संकलन, अभिलेखांकन, वितरण तथा अनुगमनलाई समेटी लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२७. **राहत सामग्रीको अभिलेख –** दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा १४ मा खरिद गरी वा सहायता स्वरुप प्राप्त भएका सबै राहत सामग्रीको अभिलेख राख्नुपर्ने उल्लेख छ । विभिन्न मन्त्रालयले खरिद गरेको र संघ संस्थाले उपलब्ध गराएको सबै राहत सामग्रीको अभिलेख अद्यावधिक गरी राखेको छैन ।

विभिन्न संस्था तथा मित्र राष्ट्रबाट प्राप्त भएको त्रिपाल/टेण्टको अभिलेख भन्सार कार्यालयहरुले एकरुपता हुने गरी राखेको छैन । अभिलेख अनुसार १३ लाख ४५ हजार पिस, २८ हजार पाकेट, ५ हजार बोरा, १० हजार बण्डल ४ हजार कार्टुन लगायतका त्रिपाल प्राप्त भएको देखिन्छ । केन्द्रीय दैवी प्रकोप उद्धार समितिको अभिलेख अनुसार ९ लाख २८ हजार थान र रेडक्रस सोसाइटीबाट १ लाख १२ हजार थान वितरण गरेको छ । विभिन्न व्यक्ति, संघ संस्थाले भन्सार छुटमा आयात गरेको त्रिपालको अभिलेख राखेको छैन । राहत

संकलन तथा वितरणको अभिलेख अद्यावधिक नहुँदा राहत सामग्री प्राप्त, वितरण र मौज्दातको अवस्था यकिन नहुने हुंदा तोकिएको ढाँचामा अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।


२८. **राहत सामग्रीको सूची** – गृह मन्त्रालयले २०७२।२।३ मा भूकम्पपीडितको लागि आवश्यक पर्ने राहत सामग्रीको सूची स्वीकृत गर्ने र उक्त सूची परराष्ट्र मन्त्रालयमार्फत नेपालस्थित विदेशी नियोगलाई जानकारी गराउने निर्णय गरेको छ । विभिन्न मित्रराष्ट्र तथा संघ संस्थाले उपलब्ध गराएको राहत सामग्रीमध्ये पीडितले माग नगरेका सामानसमेत प्राप्त भएका छन् । भूकम्पपीडितबाट खानेपानी माग नगरेकोमा पिउने पानी १ ट्रक, ८५ हजार कार्टुन, ३ लाख ७१ हजार बोटल, १ हजार बाकस प्राप्त भएको देखियो । कम गुणस्तर तथा प्रयोग भएका सामान प्राप्त भई जिल्ला दैवी प्रकोप उद्धार समितिमा पठाएको देखियो । त्रिभुवन अन्तर्राष्ट्रिय बीमानस्थलको गोदाममा म्याद नाघेका तथा गुणस्तरहीन सामग्री १९२ बक्स मासु, ९५० पाकेट पिठो, १३ कार्टुन खाद्य सामग्री, प्रयोग भएको कपडा ४११ कार्टुन तथा १०० कार्टुन पानी नष्ट गरेको छ । जिल्ला दैवी प्रकोप उद्धार समिति काभ्रेपलाञ्चोकले २ हजार ३३१ कार्टुन पिठो, २०७ कार्टुन पाउडर दूध तथा सिन्धुपाल्चोकले ४५० के.जी. चामल, ३३ कार्टुन रोटी, ६४ कार्टुन चाउचाउलगायतका राहत सामग्री नष्ट गरेको छ । गुणस्तरहीन तथा अनावश्यक राहत सामग्री अस्वीकार गर्नुपर्दछ ।

| विभिन्न भन्सार कार्यालयहरुबाट प्राप्त त्रिपाल/टेण्टहरु | | | |
|---|---|---|---|
| १३४५२४० | थान | ४५८८ | व्याग |
| ६७६ | बोरा | २७८०९ | पाकेट |
| ६८२०४ | मिटर | ११ | क्विण्टल |
| ४९१८३७ | के.जी. | ५७ | रोल |
| ३,५५६ | कार्टुन | २११७ | सेट |
| १००९६ | बण्डल | १२९९ | बक्स |

२९. **राहत सामग्रीको भण्डारण** – राष्ट्रिय विपद प्रतिकार्य कार्यढांचा, २०७० अनुसार बिपदको लागि खाद्य तथा गैरखाद्य राहत सामग्रीको मौज्दात पर्याप्त राख्नुपर्दछ । विनाशकारी भूकम्पअघि विभिन्न क्षेत्रीय भण्डारमा २३५ थान त्रिपाल, १ लाख क्वीण्टल, खाद्य सामग्री र ३६ हजार क्वीण्टल गैरखाद्य राहत सामग्री मात्र मौज्दात रहेको देखियो । पर्याप्त सामग्रीको मौज्दात नरहेको कारण भूकम्पपछि तत्काल राहत समग्रीको अभाव भई भूकम्पपीडितलाई समयमै राहत वितरण हुन सकेको पाइएन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा रहेको केन्द्रीय भण्डारमा प्राप्त भएको राहत सामग्रीमध्ये १४८ कार्टुन औषधि, १०६ बोरा कपडा, १५८ थान त्रिपाल लगायतका विभिन्न सामानहरु अभिलेख पनि नराखी अव्यवस्थित रुपमा राखेको देखियो । समितिले बिपद् व्यवस्थापनको लागि तोकिएको सबै स्थानमा निर्देशिकाबमोजिम विवरण खुलाई पर्याप्त मात्रामा राहत सामग्रीको भण्डार व्यवस्था गर्नुपर्दछ ।








३०. **क्षतिको मूल्याङ्कन** – दैवी प्रकोप उद्धार ऐन, २०३९ मा स्थानीय दैवी प्रकोप उद्धार समितिले दैवी प्रकोपबाट भएको क्षतिको विस्तृत विवरण तयार गर्नुपर्ने उल्लेख छ । भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना– २०७२ अनुसार गृह मन्त्रालयले भूकम्पबाट भएको क्षतिको २०७२ जेष्ठ १२ मा प्रारम्भिक र २०७३ वैशाखमा अन्तिम प्रतिवेदन तयार गरेको छ । प्रारम्भिक प्रतिवेदनभन्दा अन्तिम प्रतिवेदनमा पूर्ण क्षति ५४.४० प्रतिशत र आंशिक क्षति ११.०७ प्रतिशतले बढेको छ । गृह मन्त्रालयको प्रारम्भिक प्रतिवेदनअनुसार निजी आवास पूर्ण र आंशिक क्षतिको संख्या १ लाख ९८ हजार ३६३ देखाएकोमा अन्तिम प्रतिवेदनमा ४२ प्रतिशतले बृद्धि भई २ लाख ८१ हजार ८४४ पुगेको छ । ती ३ जिल्लामा २ लाख

३२ हजार ८४१ लाई अस्थायी आवासको लागि रु.१५ हजार र २ लाख ३५ हजार ११३ लाई न्यानो कपडाको लागि रु.१० हजार वितरण गरेको देखियो । विभिन्न निकाय बीच क्षतिको मूल्यांकनमा फरक देखिएकोले यथार्थता यकिन गर्न सकिने स्थिति छैन । क्षतिको मूल्याङ्कनमा एकरुपता नहुंदा राहत वितरणमा समेत प्रतिकूल असर पर्ने भएकोले यथार्थ र एकरुपता हुनेगरी क्षतिको मूल्याङ्कन गर्नुपर्दछ ।

३०.१ गृह मन्त्रालयको पछिल्लो प्रतिवेदनअनुसार अस्थायी आवासको लागि ६ लाख ९६ हजार ७४६ परिवारलाई रु. १५ हजारका दरले रु.१० अर्ब ४५ करोड १२ लाख र न्यानो कपडाको लागि ६ लाख ५४ हजार १६० परिवारलाई रु.१० हजारका दरले रु.६ अर्ब ५४ करोड १६ लाख वितरण गरेको छ । न्यानो कपडा वितरण संख्याभन्दा अस्थायी आवासको लागि नगद प्राप्त गर्ने संख्या ५१ हजार ५८६ बढी रहेको छ । गोरखा जिल्लामा संघ संस्थाले जस्तापाता वितरण गरेका ६ हजार ९१५ घरधुरीलाई जिल्ला दैवी प्रकोप उद्धार समितिले रु.१५ हजारका दरले रु.५ करोड ९१ लाख वितरण गरेको छैन । सिन्धुपाल्चोक जिल्लाको ३२ गाबिसमा १४ संघ संस्थाले अस्थायी आवासको लागि जस्तापाता वितरण गर्ने गरी अनुमति लिएको थियो । त्यस्तै काभ्रेपलाञ्चोक जिल्लाको विभिन्न गाविसमा संघसंस्थाले जस्ता वितरण गरेको देखियो । एक संस्थाले काभ्रेपलाञ्चोकको महादेवबेशीमा १३९ अस्थायी आवास बनाएको, अर्को एक संस्थाले सिन्धुपाल्चोकको साँगाचोकका २ हजार ७९३ घरधुरीलाई २ बण्डलका दरले जस्ता वितरण गरेको छ । तर ती सबै भूकम्पपीडितलाई सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिले रु.१५ हजार पनि वितरण गरेको देखियो । विभिन्न निकायबीच समन्वय गरी राहत वितरणको काम एकद्वार प्रणाली मार्फत कार्यान्वयन गर्नुपर्दछ ।

३०.२ एक घरपरिवारमा एक जनादेखि २५ जनासम्म सदस्य भएको अवस्थामा समेत समितिले न्यानो कपडाको लागि सबै घरधुरीलाई समानरुपमा रु.१० हजारका दरले नगद वितरण गरेको छ । केही परिवार संख्याको विश्लेषण गर्दा बारपाक गाबिसको ४६ घरमा १ जना, ६१ घरमा २ जना र ९६ घरमा १० जनाभन्दा बढी सदस्य रहेका छन् । तीन जिल्लाको क्षतिको विश्लेषण गर्दा सबभन्दा कम घरधुरी रहेको गाबिसमा १८७ र बढी घरधुरी रहेको गाबिसमा १ हजार ८७३ रहेका छन् । घरसंख्याको आधारमा कम संख्या भएका गाविसमा बढी र बढी घरसंख्या भएका गाबिसमा न्यून मात्र राहत प्राप्त गर्न सकेको देखियो । चिसो समयको लागि आवश्यक पर्ने कपडा समयमै खरिद गर्न नगद वितरण नगर्नु र संख्याको आधार नलिई वितरण गर्नु न्यायोचित देखिएन । राहत वितरण गर्दा समयमै क्षति र परिवार संख्याको आधारमा वितरण गर्नुपर्दछ ।

३०.३ केन्द्रीय भण्डार गौचरमा रहेको मौजदातबाट एक संस्थालाई २०७२।५।१९ देखि २०७२।७।१९ सम्म २६ जेनेरेटर, ६५० थान मेट्रेस, चामल ६५० बोरा, चिनी ४५० पाकेट र पाउडर दूध २२५ पाकेट उपलब्ध गराएको छ भने जिल्ला दैवी प्रकोप उद्धार समिति गोरखाले एक राजनैतिक पार्टीलाई २०७२।९।८ मा त्रिपाल, मन्डी र मेट्रेस प्रत्येक आइटम २५४ थान उपलब्ध गराएको छ । सम्बन्धित संस्था तथा पार्टीले बुझेको राहत सामग्रीको विवरण समितिले लिएको छैन ।

३०.४ बंगलादेश सरकारबाट राहत स्वरुप प्राप्त १० हजार मे.टन चामलमध्ये ३०.७ मे.टन वितरण भई हाल नेपाल खाद्य संस्थानको थापाथली गोदाममा १२.६ मे.टन र बाँकी उपत्यका बाहिरका अन्य गोदाममा मौज्दात रहेको छ ।। राहतको लागि प्राप्त खाद्यान्न पीडितलाई समयमै वितरण गरी सदुपयोग गर्नुपर्दछ ।

३१. **समन्वय तथा अनुगमन** – दैवी प्रकोप उद्धार ऐन, २०३९ अनुसार राहत वितरणको लागि जिल्ला तथा स्थानीयस्तरमा समेत अनुगमन तथा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । छनौटमा परेका ३ जिल्लामा जिल्लास्तरमा अनुगमन समिति भए तापनि प्रभावकारी रुपमा अनुगमन भएको देखिएन । १४ गाविस र १ नगरपालिकामा विभिन्न संघ संस्थासँग समन्वय र राहत सामग्रीको वितरण गर्न अनुगमन समिति गठन गरेको छैन । राहत वितरण गर्दा सडकको पहुँच भएका स्थानमा बढी र दुर्गम स्थानमा कम पुगेको स्थिति देखियो । राहत सामग्री वितरणमा समन्वय हुन नसकेको र अनुगमन समितिको अभावमा वितरण कार्य प्रभावकारी भएको देखिएन ।

## अन्य संस्था

### नेपाल प्रहरी कल्याण कोष

३२. **शोधभर्ना -** सयुंक्त राष्ट्रसंघले लागू गरेको सीओई (कन्टिन्जेन्ट ओन्ड इक्विपमेन्ट) निरीक्षण नीतिअनुसार मिसनमा तैनाथ हुनुपर्ने मुख्य उपकरण तथा सवारीसाधन नभएमा वा परीक्षणमा पास हुन नसकेमा त्यस्ता उपकरणको साथै सोही अनुपातमा तैनाथ सुरक्षाकर्मीको प्रति महिना प्राप्त गर्ने दैनिक भत्ता कटौती हुने व्यवस्था छ । यो वर्ष सुडान मिसनमा खटिएका प्रहरी कर्मचारीहरुको दैनिक भत्ता प्राप्त हुनुपर्ने रकममा उल्लिखित नीतिले गर्दा मिसनमा खटिएका प्रहरी कर्मचारीहरुको मिसन अवधिको भत्ता प्रहरी कल्याण कोषले वितरण गरेको रकममध्ये रु ७ करोड १२ लाख ७९ हजार शोधभर्ना प्राप्त गर्न नसकी कोषमा बढी व्ययभार पर्न गएको देखिन्छ । यसैगरी, आर्म पर्सोनेल क्यारिएर (ए.पी.सी.) मिसनसंग सम्बन्धित सुरक्षा सामग्री तथा अन्य उपकरण समयमै खरिद व्यवस्थापन हुन नसक्दा यो वर्ष सुडान तथा हाइटीबाट अमेरिकी डलर ५ लाख १२ हजार प्राप्त गरेको छैन । मिसनको आवश्यकता पहिचानको आधारमा तोकिएको गुणस्तरको सामान समयमै पठाएमा सोधभर्ना प्राप्तिमा सहजता हुने देखिन्छ । यसर्थ कार्यालयले ए.पी.सी. खरिद व्यवस्थापन तथा आपूर्ति अद्यावधिक गरी कोषको आय-व्यय हिसावलाई सन्तुलित गराउनुपर्दछ ।

३३. **जिन्सी दाखिला –** सयुंक्त राष्ट्रसंघीय मिसन हाइटी र सुडानमा खटिने फर्म पुलिस युनिटका लागि रु.५ करोड ८५ लाख ५२ हजारका मालसामान खरिद गरी पठाएकोमा सम्बन्धित मिसनले प्राप्त गरी उपयोगको सम्बन्धमा सम्बन्धित मिसनबाट प्रतिवेदन लिनुपर्दछ ।

### सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र

३४. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (१) मा सार्वजनिक निकायले दशलाख रुपैंयाभन्दा बढीको मालसामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने र नियम ११५ (१) मा खरिद भएका मालसामान गुणस्तरयुक्त भए नभएको परीक्षण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कोषले संयुक्त राष्ट्र संघको अनुरोधमा सशस्त्र प्रहरी बलबाट शान्ति स्थापनार्थ दक्षिण सुडानमा खटिई जाने युनिटको लागि आवश्यक पर्ने रु ५३ लाख ४७ हजारको भ्याक्सिन र मेडिकल मालसामान सोझै खरिद गरेको छ । सो मालसामानको गुणस्तर परीक्षण समेत गराएको छैन । प्रचलित कानुन अनुसार तोकिएको प्रक्रिया नअपनाई सोझै खरिद गर्ने प्रक्रियामा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

३५. **सोधभर्ना -** संयुक्त राष्ट्रसंघीय मिसनमा सशस्त्र प्रहरी बलका कर्मचारी निर्धारित संख्यामा तैनाथीसंगै संयुक्त राष्ट्र संघसँगको समझदारी अनुरुप सुरक्षा सामग्री आपुर्तिको व्यवस्था समेत मिलाउनुपर्दछ । यू.एन. मिसन-२ सुडानको बोरमा समझदारी अनुसार मुख्य उपकरण र सेल्फ सस्टेन्मेन्ट उपकरण पठाउन नसक्दा यो वर्ष अमेरिकी डलर १५ लाख ४१ हजार ५८५ शोधभर्ना भएको छैन । त्यस्तै, सुडानको जुमा मिसनमा ६ थान आर्म प्रर्सोनेल क्यारियर (ए.पी.सी.) सुरक्षा सामग्री उपलब्ध गराउन नसक्दा सशस्त्र प्रहरी बलको तैनाथी वापत पाउने भत्ता अमेरिकी डलर४ लाख ८५ हजार २६५ कोषले शोधभर्ना प्राप्त गर्न सकेको छैन । द्वन्दग्रस्त क्षेत्रमा मिसनमा जनशक्ति खटाउने तर आवश्यक उपकरण र बन्दोवस्तीका सामान उपलब्ध गराउन नसक्दा अर्न्तराष्ट्रिय जगतमा नेपालको शाख घट्नुको साथै मुख्य स्रोत प्राप्तिमा प्रत्यक्ष असर पर्ने हुँदा समयमै आवश्यक उपकरण र सामग्रीको व्यवस्थापन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ २७२ निकायमा रु. २ अर्ब ८४ करोड ७४ लाख ५७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. ७ करोड ६ लाख ७७ हजार फछ्र्यौट गरेकोले रु. २ अर्ब ७७ करोड ६७ लाख ८० हजार बाँकी रहेको छ। सोमध्ये रु. २ अर्ब ४४ करोड २७ लाख ७७ हजार पेश्की बाँकी रहेको छ।
  - अन्य संस्था ४ तर्फ रु. १८ करोड ९०. लाख ५० हजार बेरुजू देखिएकोमा रु. ७ करोड ४३ लाख ७७ हजार फछ्र्यौट गरेकोले रु. ११ करोड ४६ लाख ७३ हजार बेरुजू बाँकी रहेको छ।